मिति:-२०८२/०३/०७

समय:- विहान ७ बजे

स्थान:- आठविसकोट नगर कार्यपालिकाको बैठक कक्ष

आठविसकोट नगरपालिकाको १०७ औं नगर कार्यपालिका बैठक नगर प्रमुख श्री रवि के.सी. को अध्यक्षता र तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो। उक्त बैठकका प्रस्तावहरु र निर्णयहरु देहाय बमोजिम रहेका छन्।

| हस्ताक्षर | क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| | १ | श्री रवि के.सी. | नगर प्रमुख | |
| | २ | श्री धन कुमारी शाही | नगर उप प्रमुख | |
| | ३ | श्री राजेश गौतम | नि.प्रमुख प्रशासकीय अधिकृत | |
| | ४ | श्री देव वहादुर घर्ती | १ नं. वडा अध्यक्ष | |
| | ५ | श्री देव वहादुर यरी | २ नं. वडा अध्यक्ष | |
| | ६ | श्री केशरमान वि.क. | ३ नं. वडा अध्यक्ष | |
| | ७ | श्री नरसिं विष्ट | ४ नं. वडा अध्यक्ष | |
| | ८ | श्री घनश्याम भण्डारी | ५ नं. वडा अध्यक्ष | |
| | ९ | श्री धनेश्वर शर्मा | ६ नं. वडा अध्यक्ष | |
| | १० | श्री अमृत वुढा | ७ नं. वडा अध्यक्ष | |
| | ११ | श्री खकेन्द्र वि.क. | ८ नं. वडा अध्यक्ष | |
| | १२ | श्री जनक वहादुर वटाला | ९ नं. वडा अध्यक्ष | |
| | १३ | श्री गणेश कुमार शाह | १० नं. वडा अध्यक्ष | |
| | १४ | श्री प्रेम वहादुर पुन | ११ नं. वडा अध्यक्ष | |
| | १५ | श्री खुम्मे कुसारी | १२ नं. वडा अध्यक्ष | |
| | १६ | श्री टेक वहादुर थापा | १३ नं. वडा अध्यक्ष | |
| | १७ | श्री हुकुम वहादुर पुन | १४ नं. वडा अध्यक्ष | |
| | १८ | श्री हिरा थापा | कार्यपालिका सदस्य | |
| | १९ | श्री सेतु थापा | कार्यपालिका सदस्य | |
| | २० | श्री कृष्णा घर्ती | कार्यपालिका सदस्य | |
| | २१ | श्री नन्द कुमारी आग्री | कार्यपालिका सदस्य | |
| | २२ | श्री सदिक्षा मल्ल | कार्यपालिका सदस्य | |
| | २३ | श्री यज्ञ वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| | २४ | श्री सर्जने कामी | कार्यपालिका सदस्य | |
| | २५ | रत्ने कामी | कार्यपालिका सदस्य | |

अन्य उपस्थिति:-

| | | | | |
|---|---|---|---|---|
| | १ | श्री नेत्र नारायण भण्डारी | शाखा अधिकृत सातौं | |
| | २ | श्री गणेश वहादुर थापा | लेखापाल | |
| | ३ | श्री निराजन ओली | प्रशासन सहायक पाँचौ | |
| | ४ | श्री मानवहादुर वटाला | एम.आइ.एस.अपरेटर | |
| | ५ | तस्विर परिमार | | |
| | ६ | श्री ईश्वर खड्का | लेखापाल | |

Scanned with CamScanner

**१०७ औं नगर कार्यपालिका बैठक (मिति २०८२/०३/०७ गते)का निर्णयहरु :-**

१. प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश सुर्खेतको प.सं. २०८१/०८२, च.नं. ३४८५, मिति २०८२/०३/०१ गतेको प्राप्त पत्रानुसार सिफारिस भइ आएका श्री प्रकाश के.सी.लाई स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०८१ को दफा १५ को उपदफा (१) बमोजिम हेल्थ इन्स्पेक्सन सेवा, सातौँ तह, जन स्वास्थ्य अधिकृत पदमा १ वर्ष परिक्षण काल रहने गरी मिति २०८२/०३/०३ गते देखि लागु हुने गरी स्थायी नियुक्ति दिने निर्णय गरियो ।

२. यस आठविसकोट नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि आर्थिक वर्ष २०८१/०८२ मा संघीय सरकारबाट स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत रु १ करोड ३० लाख र स्थानीय तहबाट रु १ करोड ३१ लाख ९६ हजार विनियोजन भएकोमा सो मध्ये स्थानीय तह पूर्वाधार विकास कार्यक्रमबाट रु ४० लाख र स्थानीय तहको विनियोजन बजेटबाट रु ७० लाख मात्र खर्च भएकोमा संघीय सरकारबाट प्राप्त विनियोजन बजेट खर्च नहुने र संघीय सरकारले आफ्नो हिस्सा वापतको रकम कट्टी गर्ने भएको हुँदा संघीय सरकार स्थानीय तह प्रशासकीय भवन व.उ.सि.नं. ३४७०२१०७४ बाट वडा नं. ७ र १३ को वडा कार्यालय भवन र घेरबार निर्माण गरे वापत रु ५१ लाख ९६ हजार रकम भुक्तानी दिने र उक्त नगरपालिकाको प्रशासकीय भवन निर्माणको रकम आर्थिक वर्ष २०८२/०८३ को बजेटबाट नगरपालिकाले सोध भर्ना गर्ने ।

३. यस आठविसकोट नगरपालिकाको वडा नं. ३ मा रहेको वसेरा दमार देखि सुल्किबाङ्ग सडक स्तर उन्नतीको भुक्तानी हुन बाँकी रकम यस नगरपालिकाको कार्य सञ्चालन कोष अन्तर्गत व.उ.शि.नं. ८०६५९४०१३००६०५ स्थानीय तह विविध कोष खाताको खर्च शिर्षक नं. ३११५१ को विभिन्न सडक मर्मत संभार शिर्षकबाट रु १० लाख ८९ हजार रुपैयाँ भुक्तानी दिने ।

४. यस आठविसकोट नगरपालिका वडा नं. ७ को कुरेपानी सडक बाढिको कारण क्षति भएकोले उक्त सडक मर्मत वापत यस नगरपालिकाको कार्य सञ्चालन कोष अन्तर्गत व.उ.शि.नं. ८०६५९४०१३००६०५ स्थानीय तह विविध कोष खाताको खर्च शिर्षक नं. ३११५१ को विभिन्न सडक मर्मत संभार शिर्षकबाट रु ३ लाख २० हजार रुपैयाँ भुक्तानी दिने ।

५. जिल्ला प्रहरी कार्यालय, रुकुम पश्चिम भागबाट सिसिईटिभी जडान गर्न अनुरोध भइ आएकोले जिल्ला प्रहरी कार्यालय र कार्यालय परिसरमा रु १ लाख ५० हजार बरारबरको सिसिईटिभी क्यामरा सिस्टम जडान गर्न कार्य आदेश दिने ।

६. यस आठविसकोट नगरपालिकाको वडा नं. ३ मा विपद्को समयमा राहत तथा उद्दारको लागि चित्रालेखी एण्ड चित्रिपाटन सप्लायर्सबाट गएको रु १ लाख २५ हजार खाद्यन्नको रकम भुक्तानी दिने ।

आजको वैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।

२०८२/०३/०७

राजेश गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner